नेपाल सरकार

## उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# सरसफाई कार्यको शिलबन्दी प्रस्ताव आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति :२०७७/०३/१० गते)

आ.व. २०७७/७८ को लागि तपसिलका कार्यालयहरुमा कार्य गर्न नेपाल सरकारबाट इजाजतपत्र प्राप्त, स्थायी लेखा नम्बर (PAN) र मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता भएका कालो सूचीमा नपरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट तपसिलमा उल्लेखित कार्यहरुको लागि रितपूर्वकको शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ।

१. प्रस्ताव फाराम २०७७/३/२४ भित्र एभरेष्ट बैक, सिंहदरवारमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय भुक्तानी केन्द्र नं. ४ काठमाडौंको राजश्व खाता नं. १४२२९, कार्यालय कोड नं. ३०८००३५०१ मा नगद रु. १०००।- (एक हजार रुपैया) (पछि फिर्ता नहुने गरी) जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी यस मन्त्रालयबाट खरीद गर्न सकिने छ।

२. नेपाल सरकारबाट प्राप्त इजाजत-पत्र, मूल्य अभिबृद्धि कर (VAT) मा दर्ता तथा नवीकरण भएको र आ.व. २०७५/७६ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी, श्रमिक आपुर्तिकर्ताको ईजाजत पत्र लिएको, श्रम रोजकार तथा सामाजीक सुरक्षा कोषमा सुचिकृत प्रमाणपत्रहरुको प्रतिलिपी नोटरी पव्लिकबाट प्रमाणित गरिएको सक्कलै प्रति पेश गर्नुपर्नेछ।

३. बोलपत्र जमानत बापतको रकम एभरेष्ट बैक सिंहदरवारमा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालय, भुक्तानी केन्द्र नं. ४ सिहंदरवार, काठमाडौको धरौटी खाता नं. १३५००१ मा (यस मन्त्रालयको कोड नं. ३०८००३५०१) नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबर कुनै वाणिज्य वैंकहरुबाट यस मन्त्रालयको नाममा जारी गरिएको बैंक ग्यारेण्टी पेश गर्नुपर्ने छ। उक्त बैंक ग्यारेण्टी प्रस्ताव पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ४५ दिन सम्मको मान्य अवधि भएको हुनुपर्नेछ।

४. प्रस्तावदाताले शिलवन्दी प्रस्तावको खाम बाहिर कामको विवरण, ठेक्का नं., कम्पनीको नाम, ठेगाना, सम्पर्क नम्बर उल्लेख गरी १६ औं दिनको १२:०० बजेभित्र (२०७७ असार २५गते) यस मन्त्रालयको जिन्सी शाखामा दाखिला गर्नुपर्नेछ। सो दिन विदा परेमा सो को भोलिपल्ट उल्लेखित समयभित्र दाखिला गर्न सकिनेछ।

५. १६ औं दिनको (२०७७/३/२५) २:०० बजे तोकिएका प्रतिनिधि र उपस्थीत प्रस्तावदाता वा प्रतिनिधिको रोहवरमा शिलवन्दी प्रस्ताव खोलिने छ। प्रस्तावदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि शिलवन्दी प्रस्ताव खोल्न बाधा पर्ने छैन।

६. अंक र अक्षरमा लेखिएको रकममा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिई सोही अनुरुप गरिने छ।

७. प्रस्ताव स्वीकृत भएमा कबोल अंकको पाँच प्रतिशतले हुने रकम माथी उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा सो बराबरको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको कम्तीमा १३ (तेह्र) महिना अवधिको सक्कलै कार्य सम्प(ादन जमानत (बिडबण्ड) म्यादभित्र जम्मा गरी मन्त्रालयमा सम्झौताको लागि सम्पर्क गर्नुपर्नेछ।

८. शिलबन्दी प्रस्तावहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ।

९. कुनै सरकारी कार्यालय वा कुटनैतिक नियोग वा सार्वजनिक संस्थानमा सन्तोषजनक रुपमा कम्तीमा विगत ५ (पाँच) वर्ष देखि सम्बन्धित सेवा कार्यमा काम गरेको अनुभवको प्रमाणपत्र पेश गर्नुपर्नेछ र उक्त अनुभवपत्रको प्रमाणीत प्रतिलिपी पेश गरेपछि मात्र प्रस्ताव फाराम उपलबध गराईने छ।

१०. प्रस्तावदाता स्वयंले उल्लेखित कार्यमा अयोग्य नभएको, आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेसा वा व्यवसाय सम्बन्धी कसुर मा आफूले कुनै सजाँय नपाएको भनी लिखित घोषणा पत्र पेश गर्नु पर्नेछ।

माथि उल्लेख नभएका अन्य शर्तहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) मा उल्लेख भए अनुसार हुनेछ।

११. अन्य थप जानकारीको लागि कार्यालय समयभित्र यस मन्त्रालयको जिन्सी शाखामा सम्पर्क गर्न सकिनेछ।

तपसिलः

| सि.नं. | ठेक्का नं. | कामको विवरण | सम्बन्धित कार्यालय | लागत अनुमान (ओभरहेड तथा भ्याट सहित) | जमानत रकम |
|---|---|---|---|---|---|
| १ | ०१/२०७७/७८ | सरसफाई सेवा कार्य | ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय | १२,६७,४७१।३२ | ३६००० |